## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०५/२० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु **भिम चन्द्र बुढा, हरि देव पण्डित, बिष्णु भक्त हितान, सुर बहादुर बुढा, राधिका मल्ल र तिलक बहादुर रावत** मु.नं (०८०-CR-०२०९) फैसला मिति २०८१।०८।१३ | गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियत्ले झुट्टा बिल भरपाई समेत बनाई भुक्तानी लिई दिई गरी भ्रष्टाचार गरेको । | **आयोगको माग दावी**<br>• **पशु अस्पताल तथा पशु सेवा कार्यालय, मुगुका कार्यालय प्रमुख भिम चन्द्र बुढाको हकमाः** प्रतिवादी भिम चन्द्र बुढालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा निज प्रतिवादी भिम चन्द्र बुढालाई बिगो रु. २०,७०,४४९।६३ (बिस लाख सत्तरी हजार चार सय उनान्पचास रुपैयाँ पैसा त्रिसठ्ठी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरीवानाको सजाय गरी बिगो असुल उपर हुन मागदावी लिईएको देखिन्छ।साथै निज प्रतिवादी भिम चन्द्र बुढाले फिल्डमा नभए/नगरेको कामलाई भए गरेको भनी नापी किताव, कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता सम्बन्धी बिलमा प्रविष्ट गरी गराई सोही अनुसारका बिल भरपाई चेकजाँच, पेस, स्वीकृत गरी गराई झुट्टा बिल भरपाई बनाई बनाउन लगाई सोही प्रतिवेदनको आधारमा भुक्तानी समेत गरेको देखिदानिज प्रतिवादी भिम चन्द्र बुढाले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादी भिम बहादुर बुढालाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानासमेतको सजाय हुन मागदावी लिईएको देखिन्छ ।<br>• **छायानाथ रारा नगरपालिका मुगुका तत्कालिनइन्जिनियर हरि देव पंडित र सव-इन्जिनियर विष्णु भक्त हितानको हकमाः** प्रतिवादी हरिदेव पंडित र विष्णुक्त हितानलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा निज प्रतिवादीहरु हरि देव पंडितर विष्णु भक्त हितानलाई बिगो रु.१६,७०,६२८।३० (सोह्र लाख सत्तरी हजार छ सय अठ्ठाइस रुपैयाँ पैसा तिस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरीवाना गरी बिगो असुल उपर हुन मागदावी लिईएको देखिन्छ।साथै प्रतिवादीहरु हरि देव पंडित र विष्णु भक्त हितानले फिल्डमा नभए/नगरेको कामलाई भए गरेको भनी नापी किताव, कार्यसम्पन्न | • फैसलाः<br>• प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>• विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>• स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन पेश गर्ने पारस डाँगीको मिति २०७८।०९।११ को प्राविधिक प्रतिवेदन मिसिल संलग्न रहेको नदेखिएको।<br>• आरोप दावी पुष्टि हुने ठोस र वस्तुनिष्ठ प्रमाण रहेको नदेखिएको । | • आर्थिक वर्ष २०७५/०७६ मा बधशाला निर्माणको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशवाट रु.४२,००,०००।- (बयालीस लाख) रकम लागत साझेदारीमा नमूना मासु पसल/बधस्थल निर्माण कार्यक्रम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मुगु (हाल पशु अस्पताल तथा पशु सेवा कार्यालय) ले कार्यक्रम संचालन गर्न रकम प्राप्त भई भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मुगु (हाल पशु अस्पताल तथा पशु सेवा कार्यालय) बाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा नमूना मासु पसल/बधस्थल निर्माण कार्यक्रम संचालन गर्न कर्णाली एकिकृत महिला विकास मञ्च, रावत मासु पसल र भम्मल मासु सेन्टरलाई छनौट गरेको तथ्य मिसिल संलग्न कागज प्रमाणबाट देखिन्छ ।<br>• कर्णाली एकिकृत महिला विकास मञ्चको बधशाला मासु सेन्टर भवन निर्माण आयोजनामा कुल रु.२९,०८,१८७।४९ (उनान्तिस लाख आठ हजार एक सय सतासी रुपैयाँ पैसा उनान्पचास) को काम भएको भनी असिस्टेण्ट सव इन्जिनियर विष्णु भक्त हितानले नापजाँच गरी तयार गरेको नापी किताव, सोही अनुसारको कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ता सम्वन्धी बिल इन्जिनियर हरि देव पंडितले चेक जाँच गरेको उक्त मञ्चका संचालक राधिका मल्लले सही दस्तखत गरी संस्थाको छाप लागाएको र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुगुका प्रमुख भिम चन्द्र बुढाले स्वीकृत गरेकोमा उक्त बधशाला मासु सेन्टर भवन निर्माणमा बास्तविक भए गरेको काम रु.१६,८४,४८७।१३ (सोह्र लाख चौरासी हजार चार सय सतासी रुपैयाँ पैसा तेह्र) को मात्र फिल्डमा काम भई बाकी रु.१२,२३,७००।३६ (बार लाख तेइस हजार सात सय रुपैयाँ पैसा छत्तिस) को काम नै नगरी नापी किताव, कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता सम्बन्धी बिल तयार गरी भए गरेको भन्दा बढी भुक्तानी समेत गरे गराएकोबाट नभए नगरेको कामलाई भए गरेको हो भनी झुट्टा विल भरपाई तयार गरी गराई सरकारी सम्पत्तिको हिनामिना हानी नोक्सानी गरेको मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भएको देखिंदा देखिंदै प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।<br>• रावत मासु पसल भवन निर्माण आयोजनमा कूल रु.१५,८९,१७४।७३ (पन्ध्र लाख उनानव्वे हजार एक सय चौरहत्तर रुपैयाँ पैसा त्रिहत्तर) को काम भएको भनी असिस्टेण्ट सव इन्जिनियर विष्णु भक्त हितानले नापजाँच गरी तयार गरेको नापी किताव, सोही अनुसारको कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ता सम्वन्धी बिल इन्जिनियर हरि देव पंडितले चेक जाँच गरेको उक्त पसलका संचालक तिलक बहादुर रावतले सही दस्तखत गरी पसलको छाप लागाएको र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुगुका प्रमुख भिम चन्द्र बुढाले स्वीकृत गरेकोमा उक्त बधशाला मासु सेन्टर भवन निर्माणमा बास्तविक भए गरेको काम रु. ११,४२,२४६।७९ (एघार लाख बयालिस हजार दुई सय छयालिस रुपैयाँ पैसा उनासी) को मात्र फिल्डमा काम भई बाँकी रु.४,४६,९२७।९४ (चार लाख छयालिस हजार नौ सय सत्ताइस रुपैयाँ पैसा चौरान्नव्वे) को काम नै नगरी नापी किताव, कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता सम्बन्धी बिल तयार गरी भए गरेको काम भन्दा बढीको भुक्तानी समेत गरे गराएकोबाट नभए नगरेको कामलाई भए गरेको हो भनी झुट्टा विल भरपाई तयार गरी बद्नियत साथ सरकारी सम्पत्तिको हिनामिना हानी नोक्सानी गरेको मिसिग्न कागज प्रमाणबाट पुष्टि हुँदा हुँदै प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरमागी छ ।<br>• विशेष अदालतबाट भएको फैसलामा पारस डाँगीको प्राविधिक प्रतिवेदनलाई अनदेखा गरिएको छ । निज पारस डाँगी पूर्वाधार विकास निर्देशनालय, सुर्खेतका सबइन्जिनियरका रुपमा निजले मिति २०७८।०९।११ गते पेश गरेको प्राविधिक स्थलगत (फिल्ड) प्रतिवेदनमा सम्झौता र बिल बमोजिमको कार्य सम्पन्न नभएको भन्ने बेहोरा उल्लेख गरी अख्तियार दुरुपयोग अनुनन्धान आयोगको कार्यालय सुर्खेतमा द.नं. २४९२, मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवेदन र उपभोक्ता सम्बन्धी बिलमा प्रविष्ट गरी गराई सोही अनुसारका बिल भरपाई चेकजाँच, पेस गरी गराई झुट्टा बिल भरपाई बनाई बनाउन लगाई सोही प्रतिवेदनको आधारमा भुक्तानी समेत गरेको देखिदानिज प्रतिवादीहरु हरि देव पंडितर विष्णु भक्त हितानलेगरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीहरु विष्णु भक्त हितान र हरि देव पंडितलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानासमेतको सजाय हुन मागदावी लिईएको छ।<br>• **ऋणीमोक्ष बहुउद्देश्यीय कृषि सहकारी संस्था लिमिटेडका संचालक सुर बहादुर बुढाका हकमाः** प्रतिवादी सुर बहादुर बुढालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा निज प्रतिवादी सुर बहादुर बुढालाई बिगो रु.३,९९,८२१।३३ (तिन लाख उनान्सय हजार आठ सय एक्काइस रुपैयाँ पैसा तेत्तिस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदावी लिईएको छ।<br>• **कर्णाली एकिकृत महिला विकास मञ्चका संचालक राधिका मल्लका हकमाः** प्रतिवादी राधिका मल्ललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा निज प्रतिवादी राधिका मल्ललाई बिगो रु.१२,२३,७००।३६ (बाह्र लाख तेइस हजार सात सय रुपैयाँ पैसा छत्तिस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदावी लिईएको छ।<br>• **रावत मासु पसलका संचालक तिलक बहादुर रावतका हकमाः** प्रतिवादी तिलक रावतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा निज प्रतिवादी तिलक बहादुर रावतलाई बिगो रु.४,४६,९२७।९४ (चार लाख छयालिस हजार नौ सय सत्ताइस रुपैयाँ पैसा चौरान्नव्वे) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदावी लिईएको छ।<br>**अदालतको फैसला** | | २०७८।१२।२१ मा उक्त प्रतिवेदन दर्ता भएको मिसिल संलग्न रहेको तथ्य निर्विवाद छ । त्यति मात्र होइन निज फिल्ड प्रतिवेदक पारस डाँगीले अदालतमा बकपत्र गर्दा समेत मिति २०७८।०९।११ को प्राविधिक प्रतिवेदन आफूले तयार गरेको भनी समर्थन गरिदिएको अवस्था समेतलाई बेवास्ता गरी प्रतिवादीहरुलाई आरोपित कसुरबाट सफाई दिन गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• प्रमाण ऐन, २०३१ को दफा २० मा प्रचलित नेपाल कानून बमोजिम कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा कुनै टिप्पणी वा प्रतिवेदन तयार गरि कुनै खास ठाँउ वा कार्यालयमा पेस गर्नु पर्ने कानूनी कर्तव्य भएका व्यक्तिले आफनो कर्तव्य पालनको शिलसिलामा लेखेको त्यस्तो टिप्पणी वा प्रतिवेदन प्रमाणमा लिन हुन्छ भन्ने  कानूनी व्यवस्था रहेको देखिन्छ।सोही ऐनको दफा १८ मा कुनै काम घटना वा अवस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको शिलशिलामा प्रचलित नेपाल कानुन बमोजिम तयार बएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने ब्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भइ बयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेकोले प्रस्तुत मुद्दा स्थलगत नापजाँच गरि प्राविधिक प्रतिवेदन गर्ने साक्षी सबइन्जिनियर पारस डाँगी र इन्जिनियर यगेन्द्र धाराला समेतले अदालतमा उपस्थित भई आफ्नो प्रतिवेदनलाइ सोधपुछ जिरह प्रक्रियामा समेत पुष्टि हुने गरी बकपत्र गरेको देखिदा देखिदै Cross Examination बाट पुष्टि भएको प्रमाणलाई विश्वासनीय भएन भन्ने जस्ता आत्मगत तर्कद्वारा विश्लेषण गरी उक्त प्रमाणलाई Deny गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ।यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार वि. वैद्यनाथ पण्डितको मुद्दामा (**ने.का.प. २०६४ वैशाख, अंक १, नि.नं. ७८०९**) "प्रमाण ऐन, २०३१ को दफा ५० बमोजिम जिरह समेत भएको साक्षीको बकपत्रलाई Legally admissible evidence को रुपमा अदालतले Direct evidence मा लिनुपर्ने" भनी प्रतिपादित सिद्धान्त रहेकोले उक्त कानुनी व्यवस्था र नजिर सिद्धान्त विपरीत भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>• यस्तै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट **नेपाल सरकार विरुद्ध विनयकुमार गामी समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा** "कुनै योजनाको कामको कार्यालय आफैंले अनुगमन र निरीक्षण गर्न सक्तैन भन्ने देखिन्छ भने त्यस्तो आयोजना सञ्चालन गर्न नहुने कुरामा कार्यालय प्रमुख लगायत सबै सचेत रहनुपर्छ तर योजना स्वीकृत गरेपछि त्यसलाई ऐन नियमबमोजिम सम्पन्न गराउनका लागि जिम्मेवार कर्मचारीहरूले आफ्नो दायित्वलाई इमानदारीपूर्वक निर्वहन गर्नुपर्ने" (**ने.का.प. २०७२ असार, अंक ३, नि.नं. ९३७४**) भन्ने प्रतिपादित सिद्धान्त विपरीत प्रस्तुत मुद्दाका प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा निज प्रतिवादीहरु **भीम चन्द्र बुढा, हरिदेव पण्डित, विष्णुभक्त हितान, सुरबहादुर बुढा, राधिका मल्ल र तिलक बहादुर रावतलाई** आरोप मागदाबी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • प्रतिवादीहरु भीम चन्द्र बुढा, हरिदेव पण्डित, विष्णुभक्त हितान, सुरबहादुर बुढा, राधिका मल्ल र तिलक बहादुर रावत उपर दावी गरिएको आरोप दावी पुष्टि हुने ठोस र वस्तुनिष्ट प्रमाण रहेको नदेखिँदा निज प्रतिवादीहरुले आरोप दावीबाट सफाई पाउने ठहर गरी विशेष अदालतबाट फैसला भएको देखिन्छ । | | |